# अर्थ बुलेटिन

वर्ष ४ अंक ३ — असोज, २०७९

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**



## सम्पादकीय

- आर्थिक वर्ष २०७९/८० को असोज महिनासम्म संघीय सरकारको कुल खर्च तथा पुँजीगत खर्चमा समेत वृद्धि भएको छ। भन्सार विन्दुमा संकलन हुने राजस्व र आयकरमा केही कमी आएको छ भने आन्तरिक उत्पादन तर्फको अन्तःशुल्क र मूल्य अभिवृद्धि कर सङ्कलनमा वृद्धि भएको छ। समग्र राजस्व परिचालनमा भने कमी आएको छ।
- कुल वस्तु निर्यात र आयात दुवैमा संकुचन आएको छ। आयातमा कमी आउँदा व्यापार घाटामा सुधार भएको छ।
- व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या बढेसँगै करको दायरा विस्तार भएको छ। कम्पनी दर्ता संख्यामा भने कमी आएको छ।
- वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फिति बढेको छ।
- वैदेशिक सहायता प्रतिवद्धतामा उल्लेख्य वृद्धि भएको छ।
- वैदेशिक रोजगारमा जाने कामदारको संख्या गत वर्षको तुलनामा उल्लेख्य वृद्धि भएको छ भने विप्रेषण आप्रवाहमा सुधार आएको छ। पर्यटन आगमनमा उल्लेख्य वृद्धि भएको छ। चालु खाता घाटा सुधारोन्मुख छ भने शोधनान्तर स्थिति वचतमा छ। विदेशी मुद्रा सञ्चितिमा समेत सुधार आएको छ। कुल वस्तु आयात समेत घटेको कारण सञ्चिति पर्याप्तता सूचकाँकमा सुधार आएको छ।

**प्रकाशन तथा सम्पादन**
आर्थिक नीति विश्लेषण महाशाखा
सिंहदरवार, काठमाडौं

## मुलुकको वर्तमान आर्थिक परिदृष्य

### संघीय सरकारी खर्च

१. आर्थिक वर्ष २०७९/८० को असोजसम्म संघीय सरकारको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको कुल खर्च रु.२ खर्ब ३४ अर्ब ५२ करोडको तुलनामा १८.६ प्रतिशतले वृद्धि भई रु.२ खर्ब ७८ अर्ब १६ करोड पुगेको छ। कुल खर्च मध्ये चालु खर्च रु.२ खर्ब २३ अर्ब ७५ करोड, पुँजीगत खर्च रु.१९ अर्ब ६८ करोड र वित्तीय व्यवस्थातर्फ रु.३४ अर्ब ७३ करोड रहेको छ। यस अवधिको चालु, पुँजीगत र वित्तीय व्यवस्थातर्फको खर्च कुल संघीय खर्चको क्रमशः ८०.४ प्रतिशत, ७.१ प्रतिशत र १२.५ प्रतिशत रहेको छ।

**तालिका (क): पछिल्लो ५ वर्षको असोजसम्मको खर्च स्थिति (रु. करोडमा)**

| खर्च शीर्षक | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|
| चालु | १७४६१.२७ | १५६७६.०० | १८२६२.०० | १८६५२.३४ | २२३७५.२७ |
| पुँजीगत | २२५९.७४ | १८३७.०० | १५०५.०० | १४८८.९३ | १९६८.११ |
| वित्तीय व्यवस्था | २६०.२६ | २८८.०० | ३४१.०० | ३३११.१० | ३४७३.२५ |
| **जम्मा** | **१९९८१.२७** | **१७८०१.००** | **२०१०८.००** | **२३४५२.३७** | **२७८१६.६३** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

२. चालु आर्थिक वर्षको असोजसम्मको कुल संघीय सरकारी खर्चमध्ये साउन, भदौ र असोज महिनाको खर्च प्रतिशत क्रमशः ८.० प्रतिशत, ४०.३ प्रतिशत र ५१.७ प्रतिशत रहेको छ ।

**तालिका (ख): चालु आर्थिक वर्षको संघीय सरकारी खर्चको मासिक विवरण (रु. करोडमा)**

| महिना | चालु खर्च | पुँजीगत खर्च | वित्तीय व्यवस्था | कुल खर्च | खर्च भार |
|---|---|---|---|---|---|
| साउन | ५६५.७२ | १४८.४६ | १५११.६९ | २२२५.८७ | ०.०८० |
| भदौ | १०३०७.४१ | ४३७.५९ | ४६३.०६ | ११२०८.०६ | ०.४०३ |
| असोज | ११५०२.१४ | १३८२.०६ | १४९८.५ | १४३८३ | ०.५१७ |
| **जम्मा** | **२२३७५.२७** | **१९६८.११** | **३४७३.२५** | **२७८१६.६३** | **१.०००** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

### राजस्व परिचालन

३. आर्थिक वर्ष २०७८/७९ को असोजसम्म संघीय सरकारले संकलन गर्ने कुल राजस्व रु.२ खर्ब ५५ अर्ब ४ करोड रहेकोमा चालु आर्थिक वर्षको सोही अवधिमा यस्तो राजस्व केही संकुचन भई रु.२ खर्ब ८ अर्ब ५८ करोड रहेको छ। कुल राजस्वमध्ये कर राजस्व रु.१ खर्ब ८९ अर्ब ३८ करोड र गैरकर राजस्व रु.१९ अर्ब २० करोड रहेको छ। साथै, यस अवधिमा अन्य प्राप्ति सहित कुल प्राप्ति रु.२ खर्ब ३१ अर्ब ३३ करोड भएको छ।


**तालिका (ग): पछिल्लो ५ आर्थिक वर्षको असोजसम्मको राजस्व परिचालनको स्थिति (रु.करोडमा)**

| कर शीर्षक | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|
| कर | १७६२४.१९ | १७७४१.०१ | १६३४२.८० | २२९०८.०० | १८९३८.०७ |
| गैरकर | २१६२.११ | १२२५.७८ | ८९३.६१ | २५९५.९४ | १९२०.३५ |
| कुल राजस्व | १९७८६.३० | १८९६६.७९ | १७२३६.४१ | २५५०३.९३ | २०८५८.४२ |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

४. वस्तु पैठारीमा गरिएको नियमन र नगद मार्जिनको व्यवस्थाले भन्सार बिन्दुमा सङ्कलन हुने राजस्व प्रभावित हुँदा समग्र राजस्व परिचालनमा प्रतिकूल प्रभाव परेको छ। फलस्वरुप, संघीय सरकारले संकलन गर्ने राजस्व तुलनात्मकरुपमा केही संकुचन भएको छ। वस्तु पैठारीमा संकुचन भएको कारण भन्सार बिन्दुमा संकलन हुने राजस्व उल्लेख्य घटेको र तद्अनुरुपको प्रभाव समग्र राजस्व संकलनमा परेको छ।


**चार्ट (क): आर्थिक वर्षको पहिलो तीन महिनासम्मको राजस्व सङ्कलनको प्रवृत्ति (रु.करोडमा)**




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

५. कुल राजस्व संकलनमध्ये मूल्य अभिवृद्धि करको योगदान उच्च रहँदै आएको छ। भन्सार बिन्दुमा संकलन हुने राजस्व घटेसँगै चालु आर्थिक वर्षको पहिलो ३ महिनाको राजस्व संकलनमा भन्सार महशुलको योगदान गत आर्थिक वर्षको सोही अवधिको २५ प्रतिशतको तुलनामा ४ प्रतिशत बिन्दुले कमी भई २१ प्रतिशत रहेको छ। यस अवधिमा आयकर, मूल्य अभिवृद्धि कर र अन्तशुल्क राजस्वको योगदान तुलनात्मकरुपमा बढेको छ।

**चार्ट (ख): पछिल्लो २ आर्थिक वर्षको असोजसम्मको राजस्व संरचना**




स्रोतः अर्थ मन्त्रालय।

६. वस्तु पैठारीमा आएको संकुचनको कारण समग्र राजस्व परिचालनमा प्रतिकूल प्रभाव परेकोले कर राजस्वका प्रायः सबै शीर्षकहरुमा राजस्व परिचालन घटेको छ। यस अवधिमा आन्तरिक उत्पादनमा आधारित मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्क उपशीर्षक, आयकर अन्तर्गतको ब्याजकर उपशीर्षक र शिक्षा सेवा शुल्क शीर्षकमा भने राजस्व परिचालन बढेको छ। गैरकर राजस्व २६.० प्रतिशतले संकुचन भएको छ।

**तालिका (घ): पछिल्लो दुई आर्थिक वर्षको असोज महिनासम्मको राजस्व असुलीको विवरण (रू. करोडमा)**

| कर शीर्षक | आ.व.२०७८/७९ को असूली | आ.व. २०७९/८० वार्षिक लक्ष्य | असोजसम्मको सङ्कलन | असोजसम्मको लक्ष्य | लक्ष्यको तुलनामा असुली प्रतिशत | वार्षिक प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|
| **भन्सार महशुल** | **६४०५.४४** | **३३,०५६.८०** | **४,३८९.१९** | **७,५५५.१५** | **५८.१** | **-३१.५** |
| **मूल्य अभिवृद्धि कर** | **७५४२.८०** | **३९,८४६.७९** | **६,६६९.२४** | **८,६००.०४** | **७७.५** | **-११.६** |
| उत्पादन, बिक्री, सेवा | २६७०.७३ | १४,०२०.४१ | २,७०४.०३ | ३,११४.५१ | ८६.८ | १.२ |
| पैठारी | ४८७२.०७ | २५,८२६.३८ | ३,९६५.२१ | ५,४८५.५३ | ७२.३ | -१८.६ |
| **अन्तःशुल्क** | **४३५५.१९** | **२१,७२८.२७** | **३,७६९.१९** | **४,०५०.८८** | **९३.०** | **-१३.५** |
| आन्तरिक उत्पादन | २४१४.९६ | १३,७३५.२६ | २,८३६.२१ | २,३४५.०९ | १२०.९ | १७.४ |
| पैठारी | १९४०.२३ | ७,९९३.०१ | ९३२.९८ | १,७०५.७९ | ५४.७ | -५१.९ |
| **शिक्षा सेवा शुल्क** | **१४.०५** | **१४७.८०** | **४०.४८** | **३९.८५** | **१०१.६** | **१८८.०** |
| **आयकर** | **४५९०.५१** | **३४,७५७.९२** | **४,०६९.९८** | **५,०२३.५०** | **८१.०** | **-११.३** |
| आयकर | ३९६७.९८ | ३०,७८२.९३ | ३,२०६.७३ | ३,९९५.६२ | ८०.३ | -१९.२ |
| ब्याज कर | ६२२.५३ | ३,९७४.९९ | ८६३.२५ | १,०२७.८८ | ८४.० | ३८.७ |
| **कर राजस्व जम्मा** | **२२९०८.००** | **१२९,५३७.५८** | **१८,९३८.०७** | **२५,२६९.४२** | **७४.९** | **-१७.३** |
| **गैर कर जम्मा** | **२५९५.९४** | **१०,७७७.१२** | **१,९२०.३५** | **२,३०१.९७** | **८३.४** | **-२६.०** |
| **कूल राजस्व** | **२५५०३.९३** | **१४०,३१४.७०** | **२०,८५८.४२** | **२७,५७१.३९** | **७५.७** | **-१८.२** |
| अन्य प्राप्ति | २२८१.४८ | - | २,२७४.९३ | - | - | -०.३ |
| **जम्मा राजस्व र प्राप्ति** | **२७७८५.४१** | **१४०,३१४.७०** | **२३,१३३.३६** | **२७,५७१.३९** | **८३.९** | **-१६.७** |

स्रोतः अर्थ मन्त्रालय।

#भन्सार महशुल अन्तर्गत पैठारी, निकासी, पूर्वाधार कर, भन्सारको अन्य आय, कृषि सुधार शुल्क, सडक मर्मत तथा सुधार दस्तुर, सडक निर्माण तथा सम्भार दस्तुर समावेश गरिएको।

७. चालु आर्थिक वर्षको असोज महिनासम्म आन्तरिक उत्पादनमा आधारित अन्तशुल्क उपशीर्षक र शिक्षा सेवा शुल्क शीर्षकमा लक्ष्य भन्दा बढी राजस्व संकलन भएको छ। यस अवधिमा लक्ष्यको ७५.७ प्रतिशत राजस्व सङ्कलन भएको छ।

## संघीय राजस्व

८. चालु आर्थिक वर्षको असोजसम्म संघीय सरकारको राजस्व परिचालन (बाँडफाँट अघिको रोयल्टी समेत) गत आर्थिक वर्षको सोही अवधिको रू.२ खर्ब २५ अर्ब १७ करोडको तुलनामा २०.० प्रतिशतले संकुचन आई रू.१ खर्ब ८० अर्ब ७ करोड रहेको छ। यस अवधिमा मूल्य अभिवृद्धि करमा कमी आएका कारण प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व गत आर्थिक वर्षको रू.२९ अर्ब ८७ करोडको तुलनामा कमी आई रू.२८ अर्ब ५२ करोड रहेको छ।

## करको दायरा विस्तार

९. २०७९ असोजसम्म स्थायी लेखा नम्बर लिने करदाताको कुल संख्या ५० लाख २८ हजार ८ सय ९८ पुगेको छ। यस अवधिमा दर्ता भएका कुल करदातामध्ये व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता ३१ लाख ९९ हजार नाघेको छ। त्यस्तै, व्यावसायिक स्थायी लेखा नम्बर लिने १८ लाख ८ हजार ४ सय १४ र करकट्टि गर्ने निकायले लिएको स्थायी लेखा नम्बर २१ हजार ४ सय ७ पुगेको छ। कुल स्थायी लेखा नम्बरमा व्यावसायिक लेखा नम्बर, करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर र व्यक्तिगत स्थायी लेखा नम्बरको अनुपात क्रमशः ३६.० प्रतिशत, ०.४ प्रतिशत र ६३.३ प्रतिशत रहेको छ। २०७९ असोजसम्म मूल्य अभिवृद्धि करमा २ लाख ९८ हजार ८ सय ३८ र अन्तःशुल्कमा १ लाख १६ हजार ९ सय ४९ करदाता दर्ता भएका छन्।

तालिका (ङ): व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण

| दर्ताको प्रकार | २०७९ असारसम्म | आ.व. २०७८ /७९ को पहिलो ३ महिनाम थप भएका करदाता | आ.व. २०७९/८० को पहिलो ३ महिनाम थप भएका करदाता | २०७९ असोजसम्म |
|---|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर | १७६२४१३ | ८७३८१ | ४६००१ | १८०८४१४ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर | १८०९४ | १५७७ | ३३१३ | २१४०७ |
| व्यक्तिगत स्थायी लेखा नम्बर | ३०५०३०४ | १३९१७९ | १४८७७३ | ३१९९०७७ |
| **जम्मा स्थायी लेखा नम्बर** | **४८३०८११** | **२२८१३७** | **१९८०८७** | **५०२८८९८** |
| **मू.अ.कर** | **२९१६३१** | **१०८०२** | **७२०७** | **२९८८३८** |
| **अन्तः शुल्क** | **११२२३१** | **७६९१** | **४७१८** | **११६९४९** |

स्रोतः आन्तरिक राजस्व विभाग।


#स्थायी लेखा नम्बरको दर्ता खारेजीबाट कायम भएको सङ्ख्या मात्र समावेश गरिएको।

## वैदेशिक सहयोग तथा सार्वजनिक ऋण भुक्तानी

१०. आर्थिक वर्ष २०७९/८० को असोजसम्म रु.८६ अर्ब ४१ करोड बराबरको वैदेशिक सहायता प्रतिवद्धता प्राप्त भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो प्रतिवद्धता रु. ५५ अर्ब ९४ करोड रहेको थियो। यस अवधिको कुल वैदेशिक सहायता प्रतिवद्धतामध्ये अनुदान ७.८ प्रतिशत र ऋण ९२.२ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो हिस्सा क्रमशः १०.४ प्रतिशत र ८९.६ प्रतिशत रहेको थियो।

११. कुल वैदेशिक सहायता प्रतिवद्धतामध्ये विश्व बैंक समूहबाट सबैभन्दा बढी ७५.८ प्रतिशत रहेको छ। जापान, कोरिया, युरोपियन युनियन र स्वीजरल्याण्ड सरकारबाट क्रमशः १९.२ प्रतिशत, २.३ प्रतिशत, १.६ प्रतिशत र १.१ प्रतिशत वैदेशिक सहायता प्रतिवद्धता प्राप्त भएको छ। यस अवधिको कुल वैदेशिक सहायता प्रतिवद्धतामध्ये सडक क्षेत्रमा सबैभन्दा बढी ४०.० प्रतिशत प्रतिबद्धता प्राप्त भएको छ।

चार्ट (ग): चालु आर्थिक वर्षको असोज महिनासम्मको वैदेशिक सहायता प्रतिवद्धताको क्षेत्रगत संरचना




स्रोतः अर्थ मन्त्रालय।

१२. चालु आर्थिक वर्षको असोज महिनासम्म संघीय सरकारले आन्तरिक र बाह्य ऋणतर्फ गरी कुल रु.३६ अर्ब ५७ करोड सावाँ भुक्तानी र रु.१५ अर्ब २३ करोड ब्याज भुक्तानी गरेको छ। यस अवधिमा संघीय सरकारले रु.२१ अर्ब ६६ करोड बराबरको बाह्य ऋण प्राप्त गरेको छ।

## वित्तीय क्षेत्र

१३. आर्थिक वर्ष २०७९/८० को असोज महिनामा बैंक तथा वित्तीय क्षेत्रमा रहेको निक्षेप ०.४ प्रतिशत र निजी क्षेत्रतर्फ प्रवाहित कर्जा १.३ प्रतिशतले वृद्धि भएको छ।

१४. २०७९ असोजसम्म ७५३ स्थानीय तहमध्ये ७५२ स्थानीय तहमा वाणिज्य बैंकको शाखा पुगेको छ। २०७८ असोज मसान्तसम्म बैंक तथा वित्तीय संस्थाको सङ्ख्या १३२ रहेकोमा गाभिने प्रकृया मार्फत् २०७९ असोजमा यस्तो संख्या १२५ कायम भएको छ। २०७८ असोजसम्म बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या ११,०३९ रहेकोमा २०७९ असोजसम्म यस्तो शाखा सङ्ख्या बढेर ११, ६०९ पुगेको छ।

## बीमा क्षेत्र

१५. चालु आर्थिक वर्षको असोज महिनासम्म जारी भएको कुल बीमालेख सङ्ख्यामा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ४९.६ प्रतिशतले वृद्धि भई १ करोड ४५ लाख ७२ हजार ७ सय २४ पुगेको छ। कुल बीमालेखमध्ये जीवन बीमालेख (म्यादी जीवन बीमालेख र वैदेशिक रोजगार बीमालेख सहित) र निर्जीवन बीमालेखको हिस्सा क्रमशः ९५.३ प्रतिशत र ४.७ प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा यस्तो हिस्सा क्रमशः ९२.५ प्रतिशत र ७.५ प्रतिशत रहेको थियो।


१६. चालु आर्थिक वर्षको असोजसम्म बीमा प्रिमियम संकलन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २.६ प्रतिशतले संकुचन भई रू.४६ अर्ब ६२ करोड रहेको छ। गत आर्थिक वर्षमा यस्तो संकलन रू.४७ अर्ब ८७ करोड रहेको थियो। यस अवधिको सङ्कलित कुल बीमा प्रिमियमध्ये जीवन बीमा र निर्जिवन बीमातर्फको हिस्सा क्रमशः ७६.७ प्रतिशत र २३.३ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो हिस्सा क्रमशः ७९.८ प्रतिशत र २०.२ प्रतिशत रहेको थियो।

१७ चालु आर्थिक वर्षको असोज महिनासम्म जारी भएको म्यादी जीवन बीमालेख र वैदेशिक रोजगार बीमालेख समेत समावेश गर्दा बीमाको दायरामा आएको जनसङ्ख्या ४३.६ प्रतिशत पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त जनसङ्ख्या २८.८ प्रतिशत रहेको थियो।

## पूँजी बजार

१८. २०७८ असोज मसान्तमा २६५६.९७ विन्दुमा रहेको नेप्से सूचकांक २०७९ असोज मसान्तमा १८५८.३३ विन्दु कायम भएको छ। यस अवधिमा वार्षिक विन्दुगत आधारमा बजार पूँजीकरण २८.१ प्रतिशतले न्यून भई रु. २६ खर्ब ७२ अर्ब ७९ करोड कायम भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो रकम रु.३७ खर्ब १९ अर्ब ७२ करोड रहेको थियो।


चार्ट (घ): पछिल्लो ५ आर्थिक वर्षको असोज मसान्तको नेप्से सूचकाङ्क




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड।

१९. २०७९असोज २ गते १८७६.४१ विन्दुमा रहेको नेप्से सूचकाङ्क असोज ९ गते महिनाकै न्यूनतम बिन्दुमा झरेको थियो भने असो २३ गते महिनाकै उच्चतम बिन्दुमा पुगेको थियो। विभिन्न उतारचढावकाबीच महिनाको अन्तिम कारोवार भएको दिन असोज ३१ गते १८५८.३३ विन्दु कायम भएको छ।

चार्ट (ङ): २०७९ असोज महिनाको नेप्से सूचकाङ्क




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड।

### समग्र मूल्य स्थिति

२०. २०७९ असोज मसान्तमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फिति ८.५० प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा यस्तो मुद्रास्फिति ४.२४ प्रतिशत रहेको थियो। रुस युक्रेन युद्धका कारण विश्वव्यापी रुपमा इन्धनको मूल्य वृद्धि लगायतका कारण आपूर्ति श्रृङ्खला प्रभावित भई उपभोक्ता मूद्रास्फिति बढ्न गएको हो।

२१. २०७९ असोजमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ८.०५ प्रतिशत र गैर–खाद्य तथा सेवा समूहको मुद्रास्फीति ८.८५ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा उक्त समूहको मुद्रास्फीति क्रमशः ३.६६ प्रतिशत र ४.७२ प्रतिशत रहेको थियो ।

### बाह्य क्षेत्र

### वस्तु निर्यात

२२. आर्थिक वर्ष २०७९/८० को पहिलो तीन महिनामा कुल वस्तु निर्यात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३५.७ प्रतिशतले संकुचित भई रु. ४१ अर्ब ८२ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निर्यात रु. ६५ अर्ब ५ करोड रहेको थियो। यस अवधिमा फलामे पाता, चिया, ऊनी गलैंचा, तयारी कपडा, फलफूलको जुस, जमोठ कपडा लगायतका वस्तुको निर्यातमा वृद्धि भएको छ। यस अवधिमा भटमासको प्रशोधित तेल, जुटका बुनिएका कपडा, प्रशोधित पाम तेल, जुटका बुनिएका कपडा लगायतका वस्तुको निर्यात भने घटेको छ।

तालिका (च): पछिल्लो दुई आर्थिक वर्षको असोज महिनासम्म निर्यात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति (रु. करोडमा)

| वस्तु | २०७८/७९ | २०७९/८० | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| प्रशोधित पाम तेल | १३५१.४७ | ८०५.२८ | -४०.४१ |
| भटमासको तेल प्रशोधित | २२०२.६९ | ३१६.२३ | -८५.६४ |
| उनी गलैंचा कार्पेट | २४८.०४ | ३०७.४८ | २३.९६ |
| सेन्थेटिक यार्न | ३००.७७ | २९९.७ | -०.३६ |
| तयारी कपडा | २१५.६५ | २५९.५६ | २०.३६ |
| जमोठ कपडा | १७१.९१ | १७२.१७ | ०.१५ |
| फलफुलको जुस | १५१.४७ | १५९.६ | ५.३७ |
| फलामे पाता | १०.१२ | १३४.६७ | १२३०.७३ |
| जुटका बुनिएका कपडा | २०१.८ | १३४.६१ | -३३.३० |
| चिया | १०१.४ | १३२ | ३०.१८ |
| अन्य | १,५४९.९० | १,४६०.६६ | -५.७६ |
| **जम्मा** | **६,५०५.२२** | **४,१८१.९६** | **-३५.७१** |

स्रोतः भन्सार विभाग।

२३. यस अवधिको कुल निर्यातमध्ये भारत, चीन र अन्य देशहरूतर्फ भएको निर्यातको अंश क्रमशः ६९.३ प्रतिशत, ०.४ प्रतिशत र ३०.३ प्रतिशत रहेको छ। गत वर्ष यस्तो अंश क्रमशः ८१.० प्रतिशत, ०.४ प्रतिशत र १८.६ प्रतिशत रहेको थियो। यस अवधिमा भारततर्फ भएको निर्यात ४५.० प्रतिशतले कमी आएको छ भने चीन तर्फको निर्यात ३५.० प्रतिशतले कमी आएको छ।

## वस्तु आयात

२४. चालु आर्थिक वर्ष २०७९/८० को असोज महिनासम्म कुल वस्तु आयात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १६.२ प्रतिशतले कमी आई रु. ४ खर्ब १ अर्ब करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु आयात रु. ४ खर्ब ७८ अर्ब ५२ करोड रहेको थियो।

२५. चालु आर्थिक वर्षको पहिलो तीन महिनासम्म गत आर्थिक वर्षको सोही अवधिको तुलनामा एम.एस.स्टील सीट, शुद्ध फलाम, सुन, पेट्रोल, डिजेल, एलपी ग्यास, लगायतका वस्तुको आयात उच्च दरले बढेको छ। यस अवधिमा मोबाइल टेलिफोन, भटमासको कच्चा तेल, कच्चा पाम तेल, तयारी कपडा लगायतका वस्तुको आयात घटेको छ।

२६. यस अवधिको कुल आयातमध्ये भारत, चीन र अन्य देशहरूतर्फको आयातको अंश क्रमशः ६१.० प्रतिशत, १४.० प्रतिशत र २५.० प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा यस्तो अनुपात क्रमशः ६०.० प्रतिशत, १४.१ प्रतिशत र २५.९ प्रतिशत रहेको थियो। यस अवधिमा भारत र चीन तर्फको आयातमा क्रमशः १४.८ प्रतिशत र १६.७ प्रतिशतले संकुचन आएको छ।

तालिका (छ): पछिल्लो दुई आर्थिक वर्षको असोज महिनासम्म आयात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति (रु. करोडमा)


| वस्तु | २०७८/७९ | २०७९/८० | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| डिजेल | २३३२.४५ | २९२९.८१ | २५.६ |
| पेट्रोल | १२८६.५७ | १८२२.४४ | ४१.७ |
| एल पि ग्यास | १२१८.१६ | १४९४.३७ | २२.७ |
| भटमासको तेल कच्चा | २०६०.६१ | १४०४.०९ | -३१.९ |
| सुन | ११९२.७१ | ११५७.७७ | ४.० |
| कच्चा पाम तेल | १३०४.५४ | ९९७.०२ | -२३.६ |
| शुद्ध फलाम | ३८०.१३ | ९५५.५३ | १५१.४ |
| मोवाइल टेलिफोन | १७१७.७२ | ९१७.५९ | -४६.६ |
| एम.एस.स्टील सिट | ०.४६ | ७६७.२३ | - |
| तयारी कपडा | १०३५.६५ | ७४१.७१ | -२८.४ |
| अन्य | ३५,४०३.३४ | २६,९१२.२२ | -२४.० |
| जम्मा | ४७,८५२.३४ | ४०,०९९.७८ | -१६.२ |

स्रोतः भन्सार विभाग।

## व्यापार सन्तुलन

२७. आर्थिक वर्ष २०७९/८० को असोज महिनासम्म वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १३.१ प्रतिशतले सुधार भई रु. ३ खर्ब ५९ अर्ब १८ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा वस्तु व्यापार घाटा रु.४ खर्ब १३ अर्ब ४७ करोड रहेको थियो।


चार्ट (च): पछिल्लो ५ आर्थिक वर्षको पहिलो तीन महिनाको वस्तु व्यापार घाटाको स्थिति (रु. अर्बमा)




स्रोतः भन्सार विभाग।

२८. पछिल्लो ५ आर्थिक वर्षको असोज महिनासम्मको वैदेशिक व्यापारको तथ्याङ्कको आधारमा आर्थिक वर्ष २०७६/७७, २०७७/७८ र चालु आर्थिक वर्षमा वस्तु व्यापार घाटामा केही सुधार भए तापनि अन्य आर्थिक वर्षमा यस्तो घाटा वृद्धि भएको छ। कुल वस्तु व्यापारमा वस्तु पैठारीको हिस्सा उच्च रहेकोले चालु आर्थिक वर्षको असोज महिनासम्म निर्यातको संकुचन दर भन्दा आयातको संकुचन दर न्यून भए पनि वस्तु व्यापार घाटामा सुधार भएको हो।

**चार्ट (छ): पछिल्लो ५ आर्थिक वर्षको पहिलो तीन महिनाको कुल वस्तु व्यापारमा निर्यात र आयातको अंश (प्रतिशतमा)**




स्रोतः भन्सार विभाग।

२९. नेपालको कुल व्यापारमा निर्यातको हिस्सा अपेक्षित रुपमा वृद्धि हुन सकेको छैन। विगत पाँच आर्थिक वर्षको पहिलो तीन महिनाको तथ्याङ्क विश्लेषण गर्दा चालु आर्थिक वर्षमा बाहेक अन्य आर्थिक वर्षमा निर्यातको हिस्सा क्रमशः वृद्धि हुँदै गएको देखिन्छ। चालु आर्थिक वर्षको यस अवधिमा कुल व्यापारमा वस्तु निकासीको हिस्सा ९.४ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो हिस्सा १२.० प्रतिशत रहेको थियो।

## सेवा व्यापार

३०. आर्थिक वर्ष २०७९/८० को पहिलो तीन महिनाको कुल सेवा आय गत वर्षको सोही अवधिको संशोधित सेवा आय रु. २४ अर्ब ९३ करोडको तुलनामा ५४.७ प्रतिशतले वृद्धि भई रु. ३८ अर्ब ५७ करोड पुगेको छ। यस अवधिमा कुल सेवा खर्च गत वर्षको सोही अवधिको सेवा खर्च रू. ४८ अर्ब २६ करोडको तुलनामा २४.९ प्रतिशतले वृद्धि भई रू. ६० अर्ब २७ करोड पुगेको छ।

३१. आर्थिक वर्ष २०७९/८० को असोज महिनासम्म खुद सेवा आय रू. २१ अर्ब ७० करोडले ऋणात्मक रहेको छ। गत वर्षको सोही अवधिमा खुद सेवा आय रू. २३ अर्ब ३३ करोडले घाटामा रहेको थियो।

## विप्रेषण आप्रवाह र वैदेशिक रोजगार

३२. आर्थिक वर्ष २०७९/८० को असोज महिनासम्म विप्रेषण आप्रवाह गत आर्थिक वर्षको सोही अवधिको रू.२ खर्ब ४० अर्ब ६४ करोडको तुलनामा १६.८ प्रतिशतले वृद्धि भई रू.२ खर्ब ८१ अर्ब ५ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ७.१ प्रतिशतले संकुचन भएको थियो।

३३. चालु आर्थिक वर्षको पहिलो दुई महिनामा अन्तिम श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका नेपाली कामदारको सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा उल्लेख्य वृद्धि भई १ लाख ४७ हजार ९ सय ३२ पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त सङ्ख्या ६६ हजार ३ सय १६ रहेको थियो। यस अवधिमा पुनः श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका नेपाली कामदारको सङ्ख्यामा समेत उल्लेख्य वृद्धि भई ५७ हजार ८ सय ६१ पुगेको छ।

## चालु खाता एवम् शोधनान्तर स्थिति

३४. आर्थिक वर्ष २०७९/८० को असोज महिनासम्म शोधनान्तर स्थिति रु.१२ अर्ब ४३ करोड बचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु.८७ अर्ब ७१ करोडले घाटामा रहेको थियो। यस अवधिमा चालु खाता घाटामा सुधार भएको छ। फलस्वरुप, यस अवधिमा चालु खाता रु.३४ अर्ब २८ करोडले घाटामा रहेको छ। गत वर्षको सोही अवधिमा चालु खाता रू.१ खर्ब ४९ अर्ब ८१ करोडले घाटामा रहेको थियो। विप्रेषण आयमा भएको वृद्धि तथा वस्तु पैठारीमा आएको संकुचनको कारण तुलनात्मकरुपमा चालु खाता घाटामा सुधार भएको छ भने शोधानान्तर स्थिति वचतमा रहेको छ।

## विदेशी विनिमय सञ्चिति

३५. २०७९ असोज मसान्तमा विदेशी विनिमय सञ्चिति २०७८ असोज मसान्तको रू.१३ खर्ब १९ अर्ब ३२ करोडको तुलनामा ५.५ प्रतिशतले संकुचन भई रू.१२ खर्ब ४६ अर्ब २२ करोड कायम भएको छ। २०७९ असार मसान्तको तुलनामा २०७९ असोज मसान्तमा विदेशी विनिमय सञ्चिति २.५ प्रतिशतले बढेको छ। वस्तु पैठारीमा गरिएको नियमन तथा केही वस्तुको पैठारीमा नगद मार्जिन व्यवस्था गर्ने सरकारी नीतिको कारण वस्तु पैठारीमा सुधार आएको तथा विप्रेषण आय बढेको हुँदा विदेशी विनिमय सञ्चितिमा सकरात्मक प्रभाव परेको देखिन्छ। फलस्वरुप, आर्थिक वर्ष २०७९/८० को असोज महिनासम्मको आयातलाई आधार मान्दा बैंकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले ९.६ महिना बराबरको वस्तु आयात र ८.३ महिना बराबरको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहेको छ। २०७९ असारमसान्तमा बैंकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले ७.८ महिना बराबरको वस्तु आयात र ६.९ महिना बराबरको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहेको थियो।

## विनिमय दर


३६. २०७९ असार मसान्तको तुलनामा २०७९ असोज मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ ३.०१ प्रतिशतले अवमूल्यन भई अमेरिकी डलर एकको खरिद विनिमय दर रु. १३१.४७ पुगेको छ। २०७९ असार मसान्तमा उक्त विनिमय दर रु. १२७.५१ रहेको थियो।

## अन्य आर्थिक गतिविधि

### कम्पनी दर्ता

३७. आर्थिक वर्ष २०७८/७९ को असोज महिनासम्म थप दर्ता भएका कम्पनीको संख्या १०३३७ रहेकोमा चालु आर्थिक वर्षको सोही अवधिमा यस्तो सङ्ख्या २९.९ प्रतिशतले कमी आई ७२४५ रहेको छ। अघिल्लो आर्थिक वर्षमा कोभिड- १९ को प्रभाव कम भएसँगै कम्पनी दर्ता संख्यामा उल्लेख्य वृद्धि भएको थियो।

चार्ट (ज): पछिल्लो पाँच आर्थिक वर्षको पहिलो तीन महिनाको थप कम्पनी दर्ताको प्रवृत्ति (सङ्ख्यामा)




स्रोतः कम्पनी रजिष्ट्रारको कार्यालय।

### पर्यटक आगमन

३८. सन् २०२२ को अक्टोवर महिनासम्म १० महिनाको अवधिमा नेपाल आउने पर्यटकको सङ्ख्या उल्लेख्य वृद्धि भई ४ लाख ७० हजार ३ सय २२ पुगेको छ। सन् २०२१ को सोही अवधिमा उक्त सङ्ख्या ५५.३ प्रतिशतले घटेर १ लाख १ सय ४८ मा झरेको थियो। सन् २०२२ को अक्टोबरमा मात्र ८८ हजार ५ सय ८८ पर्यटक नेपाल भित्रिएका छन्। मासिकरुपमा हेर्दा सन् २०२० को फेब्रुअरी पछी सबैभन्दा बढी पर्यटक २०२२ को अक्टोबर महिनामा भित्रिएका छन्। यसबाट पर्यटन क्षेत्र क्रमशः कोभिड पूर्वकै अवस्थामा फर्कदै गएको देखिन्छ।

३९. पर्यटक आगमनमा भएको सुधारसँगै चालु आर्थिक वर्षको पहिलो ३ महिनाको अवधिमा भ्रमण आय (पर्यटन क्षेत्रबाट प्राप्त आय) मा उल्लेख्य वृद्धि भई रू.११ अर्ब ४० करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो आय रू. ५ अर्ब ४२ करोड रहेको थियो।